# रामारोशन गाउँपालिका

## आर्थिक ऐन, २०८२

## रामारोशन गाउँपालिकाको आर्थिक ऐन, २०८२

*पारित मिति -२०८२/३/०७*

### रामारोशन गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना:-**

रामारोशन गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम रामारोशन गाउँसभाले यो ऐन, बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम आर्थिक ऐन, २०८२" रहेको छ।

२. **लागु हुनेः** यो ऐन, २०८२ साल श्रावण १ गते देखि रामारोशन गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

३. **सम्पति करः** गाउँपालिकाको क्षेत्र भित्र अनुसूची (१) बमोजिम भूमि कर (मालपोत) लगाईने र असूल उपर गरिने छ।

४. **भुमि कर मालपोतः** रामारोशन गाउँपालिका क्षेत्रभित्र अनुसूचि २ बमोजिम भुमिकर मालपोत लगाइने र असुलउपर गरिनेछ तर एकिकृत सम्पति कर लगाएको भुमिमा यो कर लगाइने छैन।

५. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनूसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाईने र असूल गरिने छ।

६. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाईने र असूर गरिने छ।

७. **जडिबुटी,कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंह, प्वाँख, छाला जस्ता बस्तुको व्यसायिक कारोवार गरेबापत अनुसूची (५) बमोजिम कर लगाईने र असूल उपर गरिनेछ।

८. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी सधान र रामारोशन गाउँपालिकामा संञ्चालनमा रहेको एम्वुलेन्सको भाडा दर र डोजर भाडादर अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईने छ र असूल गरिने छ तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाईने र असूल उपर गरिने छ। तर प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्ज व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसया कर लगाईने र असुल उपर गरिने छ, तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

११. **बहाल बिरौटी करः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार र पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाईने र असूल उपर गरिनेछ।

१२. **पार्किङ्ग शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत अनुसूची (१०) बमोजिम पार्किङ्ग शुल्क लगाईने र असुल उपर गरिने छ।

१३. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी, जम्पिङ्ग, जिपफ्लायर र रयाफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी, जम्पिङ्ग, जिपफ्लायर र रयाफ्टीङ्ग वा व्यवसाय संचालन गरे बापत अनुसूची (११) बमोजिमको शुल्क लगाईने र असूल उपर गरिने छ।

१४. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएका सेवामा सेवाग्रहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असूर उपर गरिनेछ

१५. **पर्यटक शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ, तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१६. **प्रयोगशाला परिक्षण शुल्कः-**रामारोशन गाउँपालिका भित्र रहेका प्रयोगशाला केन्द्रमा अनुसूचि (१४)मा उल्लेखित दरमा प्रयोगशाला शुल्क लगाईने छ।

१७**कर छुटः** यसमा ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिममा कर छुट दिईने छैन तर कक्षा १२ भन्दा तलका विद्यार्थीहरुलाई परिचयपत्र देखाएको खण्डमा डुंगा सयर शुल्कमा नेपाली विद्यार्थीलाई ५० प्रतिसत छुट दिइनेछ ।

**१८.कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसूची-1**

**क.एकिकृत सम्पती कर**

| **करयोग्य एकिकृत सम्पतिको मूल्य** | **वार्षिक दर** |
|---|---|
| रु ५ लाख सम्म मुल्यांकन | एकमुष्ठ रु १००। |
| रु ५ लाख भन्दा माथिको करयोग्य एकिकृत<br>सम्पतिको मुल्य | करयोग्य कुल रकमको ०.०२ प्रतिशत (उदाहरण एकिकृत<br>सम्पत्तिको मूल्य रु ६,००,०००।- भएमा सो मूल्यको ०.०२<br>प्रतिशतले हुन आउने वार्षिक कर रु १२०।- |

**ख.सम्पती कर**

| **क्र.स.** | **शिर्षक** | **करको दर** |
|---|---|---|
| १. | सिमेन्टको जोडाईमा ईटा वा ढुङ्गाको गारो पिल्लर भएको आर. सि.सि.घर | रु ८००। |
| २. | सिमेन्टको जोडाईमा ईटा वा ढुङ्गाको गारो पिल्लर नभएको आर. सि.सि.घर | रु ५००। |
| ३. | सिमेन्टको जोडाईमा ईटा वा ढुङ्गाको गारो पिल्लर जस्ता वा टायल भएको घर | रु ४००। |
| ४. | माटोको जोडाईमा ईटा वा ढुङ्गाको गारो भएको आर सि सि घर | रु ३००। |
| ५. | माटोको जोडाईमा ढुङ्गा वा इटाको गारो भएको सिलेटको छाना भएको घर | रु १५०। |
| ६. | माटोको जोडाईमा ढुङ्गा वा इटाको गारो भएको जस्ता वा टायलको छाना भएको घर | रु १००। |
| ७. | काठै काठवाट वनेको जस्ताको छाना भएको घर वा काठको खम्वा र ईटा वा ढुङ्गाले घेरेको जस्ता वा टायलले छाएको वा वासले घेरेको टिन वा खरले छाएको तथा क्र.स १ देखि ६ सम्म नपरेका संरचनाको प्रकारका घरहरु | रु ५०। |

आर्थिक ऐन २०८२

**अनुसूची-२**

**क.भूमी/मालपोत कर रेट**

| **जग्गाको वर्ग** | **दर प्रति रोपनी रू.** | **जरिवाना** | **कैफियत** |
|---|---|---|---|
| क. (मुख्य व्यापारिक क्षेत्र) | रु ६0। | वार्षिक 25 प्रतिशत जरिवाना | विगत वर्षहरूको बक्यौताको हकमा समेत यसै अनुसार हुनेछ । |
| क. १ (अन्य व्यापारीक क्षेत्र) | रु ३०। | | |
| ख. (कृषि क्षेत्र) पाखो जग्गा | रु 15। | | |
| ग. (खोला खेत) | रु 10। | | |

| | | | |
|---|---|---|---|
| घ.(पाखो खेत) | रु 10। | | |
| ङ. (भिरपाखो तथा वर्ग नखुलेको) | रु ५। | | |

अनुसूची -३

**क.घर बहाल कर**

| क्र स | विवरण | करको दर |
|---|---|---|
| १. | वहालबाट प्राप्त कुल आम्दानीको | १२ प्रतिसत |

अनुसूची -४

व्यावसाय

**क.चुरोट, रक्सी, सवारी साधन विक्रेता, निमार्ण सामाग्री थोक**

| वर्ग | पूजी रु | दर्ता कर | सुचिकरण शुल्क |
|---|---|---|---|
| क | रु ३ लाख सम्म | रु १०००। | रु ४००। |
| ख | रु ३ देखि १० लाख सम्म | रु १२००। | रु ५००। |
| ग | रु १० देखि ५० लाख सम्म | रु १५००। | रु ६००। |
| घ | रु ५० लाख देखि १ करोड सम्म | रु २०००। | रु १०००। |

**ख.ज्वेलरी, भिडीयो,क्यासेट,रिकर्डर तथा प्लेयर, कम्प्युटर, विधुतीय सामान, क्यामरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ, तयारी तथा अन्य कपडा व्यापार, दैनिक उपभोगका खाद्य पदार्थ थोक तथा खुद्रा व्यापार तथा पर्यटन, आवास, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी,छापाखाना, परामर्श सेवा, चलचित्र व्यवसाय, सार्वजानिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाईसेवा, शीत भण्डार, सवारी साधन लगाएत अन्य मर्मत संभार सेवा आदी जस्ता र माथि नखुलेका अन्य उद्योग व्यबसाय ।**

| वर्ग | पुजी रु | दर्ता कर | सुचिकरण शुल्क |
|---|---|---|---|
| क | रु १ लाख सम्म | रु ६००। | रु ४००। |
| ख | रु ३ लाख सम्म | रु १०००। | रु ५००। |
| ग | रु १० लाख सम्म | रु १२००। | रु ६००। |
| घ | रु १० लाख देखि माथि | रु १५००। | रु ७००। |

**ग.उत्पादन मुलुक उद्योग, कृषि तथा वनजन्य, खनिज, उर्जामुलक उद्योग**

विभिन्न माल सामान उत्पादन गर्ने उद्योग व्यवसाय, कृषि तथा वनजन्य उद्योग व्यवसाय, जलस्रोत, वायु, सौर्यशक्ति, कोईला, प्राकृतिक तेल, ग्यास, वायोग्यास, तथा अन्य स्रोतहरु बाट उर्जा पैदा गर्ने उद्योग खनिज उद्योग व्यबसाय ।

| वर्ग | पुजी रु | दर्ता कर | सुचिकरण शुल्क |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| क | रु १० लाख सम्म | रु १२००। | रु ४००। |
| ख | रु १० देखि ५० लाख सम्म | रु १५००। | रु ५००। |
| ग | रु ५० लाख देखि १ करोड सम्म | रु २०००। | रु ६००। |

### घ.वित्तिय सेवा, विशेषज्ञ परामर्श सेवा, स्वास्थ्य सेवा सम्बन्धी व्यवसाय

| सि.न. | व्यवसाय | कर |
|---|---|---|
| १ | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैंक | रु ५०००। |
| २ | आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | रु ५०००। |
| ३ | वित्तीय कम्पनी शाखा कार्यालय | रु २०००। |
| ४ | विमा कम्पनी | रु ३०००। |
| ५ | विदेशी मुद्रा सटही | रु २०००। |
| ६ | धितोपत्र कारोबार | रु २०००। |
| ७ | सहकारी बैंक/सहकारी संस्था | रु २०००। |
| ८ | गैर सरकारी अस्पताल | रु १५००। |
| ९ | नर्सिङ होम | रु १५००। |
| १० | ल्किनिक तथा ल्याव | रु ३०००। |
| ११ | चिकित्सक, कविराज, इन्जीनियर, कानुन व्यवसायी, लेखा परिक्षक, दन्त चिकित्सक, अनुसन्धानकर्ता तथा परामर्श दाता, कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर, वीमा एजेन्टसर्भेयर,अनुवादक, शेयर दलाल, पसु चिकीत्सक, संस्थागत पेन्टर | रु १०००। |

आर्थिक ऐन-२०८२

### ङ. निर्माण व्यबसाय

**गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यबसाय**

| वर्ग | बाार्षिक कर | इजाजत पत्र | नबिकरण दस्तुर | ३ महिना भन्दा बढि म्याद नाघेमा थप दस्तुर | ९महिना भन्दा बढि म्याद नाघेमा | १ वर्ष भन्दा म्याद नाघेमा प्रत्येक वर्षको | इजाजत पत्र प्रतिलिपि |
|---|---|---|---|---|---|---|---|

| | | | | | थप दस्तुर | | |
|---|---|---|---|---|---|---|---|
| क | रु २०००० | - | - | - | - | - | - |
| ख | रु १५००० | - | - | - | - | - | - |
| ग | रु १०००० | - | - | - | - | - | - |
| घ | - | रु ५०००। | रु ५०००। | रु १०००। | रु २०००। | रु ४०००। | रु २५००। |

**अनुसूची -५**

**क.जडिबुटी, कवाडी जिवजन्तु कर**

| **सि.न.** | **विवरण** | **कर** |
|---|---|---|
| १ | गुच्ची च्याउ, चिराइतो, बोजो, आक्चे, पदमचाल, अतिस, विस जरा, सुगन्धवाल, तारेचुक, डालेचुक, जटामसि, जरा, कुटकी, सिलाजित, काला दाना, कुरिलो, यार्सागुम्बा, लौडसल्ला, सतुवा, पाखनभेद, सेतो चिनी, धुपिपातको तेल, साधारण च्याउ, बन लसुन आदी जडिवुटि कारोबार गर्ने व्यवसायीलाई प्रति क्विन्टल | रु २०००। |
| २ | खाली सीसी, प्लाष्टिक (बोतल, भाडाकुडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन), खाली बोरा,तेलको टिन, पुन : प्रशोधन (रिसाइकलिङ्ग) गरी पुन : प्रयोग हुन सक्ने कवाडी सामानहरु कारोवार गर्ने व्यवसायीलाई प्रति सानो ट्रक | रु ४०००। |
| ३ | प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत्यु वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला हास, कुखुरा जस्ता पंछीहरूको प्वाख आदी कारोवार गर्ने व्यवसायीलाई प्रति सानो ट्रक | रु ८०००। |

**अनुसूची-६**

**क.सवारी कर**

| **क्र.स.** | **सवारी साधन** | **कर** |
|---|---|---|
| १ | बस/मिनिवस/जिप/ट्रक/ट्याक्टर/लरी तथा अन्य हेभी गाडी | रु १५००। |
| २ | भडााको ट्याम्पो/रिक्सा/निजि कार | रु १०००। |

## ख.रामारोशन गाउपालिका क्षेत्र भित्र ढुङगा, गिट्टी वालुवा, माटो उत्खलन गरे बापतको कर

| **क्र.स** | **विवरण** | **वालुवा नदिवाट** | **ढुङ्गा** | **गिट्टी** | **माटो** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | प्रति ट्रिप ट्रक/ट्रिपरबाट | रु १०००। | रु ३००। | रु ३००। | रु १००। |
| २ | प्रति ट्रिप ट्रयाक्टरबाट | रु ५००। | रु २००। | रु २००। | रु १५०। |
| ३ | प्रति ट्रिप सानो ट्रयाक्टरबाट | रु ४००। | रु १५०। | रु १५०। | रु ५०। |

**ग.एम्वुलेन्स भाडा दर**

| **क्र.स** | **देखि** | **सम्म** | **दर** |
|---|---|---|---|
| १ | मुजावगर | वयालपाटा | रु ४५००। |
| २ | मुजावगर | मगलसेन | रु ५०००। |
| ३ | मुजावगर खालवजार | वयालपाटा | रु ४९००। |
| ४ | मुजावगर खालवजार | मगलसेन | रु ५४००। |
| ५ | मुजावगर सैनी | वयालपाटा | रु ५४००। |
| ६ | मुजावगर सैनी | मगलसेन | रु ५९००। |
| ७ | मुजावगर गजड | वयालपाटा | रु ४५००/ |
| ८ | मुजावगर गजड | मगलसेन | रु ५०००। |
| ९ | मुजावगर मलातिकोट | वयालपाटा | रु ४५००। |
| १० | मुजावगर मलातिकोट | मगलसेन | रु ५०००। |
| ११ | मुजाबगर चाफामाण्डौ | वयालपाटा | रु ४५००/ |
| १२ | मुजाबगर चाफामाण्डौ | मंगलसेन | रु ५०००। |
| १३ | मुजाबगर शान्तडा | वयालपाटा | रु ४५००। |
| १४ | मुजाबगर शान्तडा | मंगलसेन | रु ५००। |
| १५ | मुजाबगर बाटुलासेन | वयालपाटा | रु.६५००। |
| १६ | मुजाबगर बाटुलासेन | मंगलसेन | रु.७०००। |
| १७ | मुजाबगर रामारोशन | वयालपाटा | रु.६७००। |
| १८ | मुजाबगर रामारोशन | मंगलसेन | रु.७२००/ |

आर्थिक ऐन-२०८२

| | | | |
|---|---|---|---|
| १९ | मुजावगर भाटाकाटिया | वयालपाटा | रु.६२००। |
| २० | मुजावगर भाटाकाटिया | मंगलसेन | रु.६७००। |
| २१ | मुजावगर सुतार | वयालपाटा | रु.६०००/ |
| २२ | मुजावगर सुतार | मंगलसेन | रु.५५००। |
| २३ | मुजावगर | डडेलधुरा | रु.१५५००। |
| २४ | मुजावगर | सुर्खेत | रु.१५०००। |
| २५ | मुजावगर | नेपालगञ्ज | रु.२२५००। |
| २६ | मुजावगर | महेन्द्रनगर | रु.२०५००। |

**घ डोजर भाडा दर**

| क्र.स. | विवरण | करदर | कैफियत |
|---|---|---|---|
| १ | डोजर वकेट तेल वाहेक प्रति घण्टा | रु ३०००। | |
| २ | डोजर ब्रेकर तेल वाहेक प्रति घण्टा | रु ४०००। | |
| ३ | डोजर वकेट तेल सहित प्रति घण्टा | रु ८०००। | |
| ४ | डोजर ब्रेकर तेल सहित प्रति घण्टा | रु १००००। | |

आर्थिक ऐन-२०८२

**अनुसूची-७**

## क. विज्ञापन कर

| क्र.स. | विवरण | करदर | कैफियत |
|---|---|---|---|
| १ | साइनवोर्ड, होडिङ वोर्ड, अन्य वोर्ड (प्रति वर्ग फिट) | रु २०। | |
| २ | वाल पेन्ट -प्रति वर्ग फिट) | रु १०। | |
| ३ | डीजिडल वोर्ड (प्रति वर्ग फिट) | रु २५। | |

**अनुसूची-८**

**क.मनोरन्जन कर**

| क्र.स. | विवरण | करदर | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | जादु, सर्कस, चकट, सिनेमाहल, भिडीयोहल, सास्कृतिक प्रदर्शनहल, थियटर, संगित, मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासीक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रबेश शुल्कमा | ५ प्रतिशत | |

**अनुसूची -९**

**क.बहाल विरौटी शुल्क**

रामारोशन गाउँपालिका क्षेत्रका निम्न स्थानमा सार्वजनिक जग्गामा कुनै व्यक्ति, संस्थालाई अस्थायी व्यापार/प्रचार प्रसार प्रयोजनको लागि उपलब्ध गराउँदा लाग्ने वहाल विटौरी करको दर

| क्र.स. | विवरण | करदर | कैफियत |
|---|---|---|---|
| १ | मुजावगर वजार क्षेत्रको | रु १०००। | |
| २ | खाल वजार, गजडवजार, सैनीवजार, प्रति १०० वर्ग मिटिर | रु ५००। | |
| ३ | रामारोशन तिमिल्सेन सडक खण्डको सार्वजनिक जग्गा प्रति १०० मिटर | रु ४००। | |
| ४ | अन्य सार्वजनिक जग्गा प्रति १०० मिटर | रु ३००। | |

आर्थिक ऐन-२०८२

**अनुसूची -१०**

**क.पाकिङ्ग शुल्क**

| क्र.स. | साधन | करदर | कैफियत |
|---|---|---|---|
| १ | वस,ट्रक | रु ५००। | |
| २ | ट्याक्टर,जिप हाईस | रु २००। | |
| ३ | मोटर साईकल, अटो | रु ५०। | |

**अनुसूची ११**

**क. डुंगा सयर शुल्क जिंगले ताल**

| क्र.स. | विवरण | करदर | कैफियत |
|---|---|---|---|
| १ | रामारोशन गाउँपालिका | १००। | |
| २ | अछाम जिल्ला | १५० | |
| ३ | सुदुर पश्चिम प्रदेश | २००। | |

| | | | |
|---|---|---|---|
| ४ | नेपाली नागरिक | २५०। | |
| ५ | विदेशी नागरिक | ५००। | |

**अनुसूची १२**

**क.सेवा शुल्क दस्तुर**

| सि.नं. | विवरण | कर दर | कैफियत |
|---|---|---|---|
| 1 | अंग्रेजीमा गरिने सबै सिफारिस | रु 250। | |
| | **सिफारिस दस्तुर** | | |
| **नेपालीमा गरिने निन्मानुसारका सिफारिसहरूको दस्तुर** | | | |
| 1 | नागरिकता सिफारिस | रु 150। | |
| 2 | नागरिकता प्रतिलिपि सिफारिस | रु 200। | |
| 3 | नाता प्रमाणित | रु 200। | |
| 4 | नाता कायम | रु 200। | |
| 5 | पारिवारिक विवरण | रु 150। | |
| 6 | बसोवास प्रमाणित | रु 150। | |
| 7 | नाबालक सिफारिस | रु १५०। | |
| 8 | जन्ममिति प्रमाणित | रु 200। | |
| 9 | बैवाहिक सम्बन्ध प्रमाणित | रु 200। | |
| 10 | अविवाहित प्रमाणित | रु 200। | |
| 11 | व्यक्तिगत प्रमाणित | रु 200। | |
| 12 | चारित्रिक प्रमाणित | रु 200। | |
| 13 | सम्बन्ध विच्छेद प्रमाणित | रु 200। | |
| 14 | खाने पानी, विद्युत मिटर, टेलिफोन जडान, नामसारी ठाउँ (आवासीय सिफारिस/व्यवसायीक) सिफारिस | रु 150। | |
| 15 | प्रति रूख सिफारिस | रु 150। | |
| 16 | घरेलु तथा साना उद्योगको सर्जमिन तथा सिफारिस | रु 150। | |
| 17 | मझौला उद्योगको सिफारिस | रु 150। | |

आर्थिक ऐन-२०८२

| | | | |
|---|---|---|---|
| १८ | व्यवसाय बन्द तथा नाम परिबर्तन सिफारिस | रु १५0। | |
| 19 | मदिरा व्यवसाय सिफारिस (खुद्रा) | रु 5००। | |
| 20 | मदिरा व्यवसाय सिफारिस (थोक) | रु १००0। | |
| 21 | वडा सर्जमिन | रु २००। | |
| 22 | माथि उल्लेखित शिर्षकमा नपरेका सिफारिस | रु 150। | |
| 23 | पहिलो कित्ता / 1 रोपनी | रु 150। | |
| 24 | पहिलो कित्ता पछि थप प्रतिरोपनी | रु 1००। | |
| 25 | ट्रेड नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | रु 150। | |
| 26 | ट्रेड नक्सा प्रमाणित प्रति कित्ता | रु 150। | |
| २७ | उजुरी निवेदन दस्तुर | रु 150। | |
| २८ | मिलापत्र दस्तुर | रु ५००। | |
| २९ | जग्गा दर्ता वा नामसारी सिफारिस प्रतिरोपनी | रु 300। | |
| ३० | राजीनामा बकस पत्र सिफारिस | रु 150। | |
| ३१ | घरबाटो सिफारिस एक कित्ता | रु ५00। | |
| ३२ | घरबाटो सिफारिस थप प्रति कित्ता | रु १००। | |
| ३३ | अमिन खटन दस्तुर प्रति कित्ता | रु 50। | |
| ३४ | घर नक्सा नामसारी | रु ५00। | |
| ३५ | घर जग्गा मुल्यांकन एक लाख सम्मको | रु 200। | |
| ३६ | थप प्रतिलाखको | रु 100। | |
| ३७ | नक्सा पास फाराम दस्तुर | रु २00। | |
| ३८ | आयश्रोत प्रमाणित प्रतिलाख | रु १00। | |
| ३९ | निजी विद्यालय अपग्रेड | रु १00। | |
| ४० | प्रा.वि. | रु 150। | |
| ४१ | नि.मा.वि. | रु ३00। | |
| ४२ | मा.वि. | रु ४00। | |



आर्थिक ऐन-२०८२

| | | | |
|---|---|---|---|
| ४३ | प्राविधिक विद्यालय | रु ४00। | |
| ४४ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | निशुल्क | |
| ४५ | व्यक्तिगत घटना दर्ता | रु 200। | |
| ४६ | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | रु ५00। | |
| ४७ | चौपाय निकासी दस्तुर प्रतिगोटा | रु १०00। | |
| ४८ | विभन्न समुह, संघ, सस्था, क्लब, ईन्स्टिच्युट आदी दर्ता सिफारिस | रु १०00। | |
| ४९ | खाता सञ्चालन/बन्द सिफारिस दस्तुर | रु ५00। | |
| ५० | मौजुदा सुचिमा सुचिकृत हुने दर्ता शुल्क | रु ५००/ | |
| ५१ | योजना सम्पन्न सिफारिस १ लाख ५० हजार भन्दा तल | रु १५०। | |
| ५२ | योजना सम्पन्न सिफारिस १ लाख ५० हजार भन्दा माथि प्रति लाखमा | रु १००। | |

आर्थिक ऐन-२०८२

**अनुसूची-13**

**क.पर्यटक शुल्क रामारोशन पर्यटन क्षेत्र तथा अन्य**

| क्र.स. | सवारी साधन प्रवेश तथा पार्किङ | करदर | कैपियत |
|---|---|---|---|
| १ | बस | रु ५००। | |
| २ | मिनिबस | रु ३५०। | |
| ३ | हाईस | रु २५०। | |
| ४ | जिप | रु १००। | |
| ५ | ट्याक्टर, | रु १००। | |
| ६ | अटो | रु ५०। | |
| ७ | मोटर साईकल | रु २०। | |
| रामारोशन पर्यटन क्षेत्रमा लाग्ने अन्य कर (प्रवेश शुल्क, सरसफाइ तथा प्रदुषण शुल्क, सेवा शुल्क, छायाङ्कन शुल्क लगायतका बाकि करहरु रामारोशन पर्यटन क्षेत्र व्यवस्थापन कार्यविधिले तोके बमोजिम हुन्छ ।) | | | |

**अनुसूची १४**

**क.प्रयोगशाला शुल्क**

| क्र.स. | प्रयोगशाला शुल्क | करदर | कैफियत |
|---|---|---|---|
| १ | Widal Test | रु १२०। | |
| २ | Bilirubin Test | रु १५०। | |
| ३ | HBSAg Test | रु १००। | |
| ४ | Hb% Test | रु ५०। | |
| ५ | Urea Test | रु १२०। | |
| ६ | Creatnine Test | रु ५०। | |
| ७ | Hcu Test | रु १३०। | |
| ८ | VDRL Test | रु १३०। | |
| ९ | Uric Acid Test | रु १२०। | |
| १० | Blood Grouping | रु ५०। | |
| ११ | Urine RE/ME | रु ५०। | |
| १२ | UPT Test | रु ५०। | |
| १३ | Stool RE/ME | रु ५०। | |
| १४ | TC/DC | रु १५०। | |
| १५ | Malaria Test (RDT) | निशुल्क | |
| १६ | क्षयरोग परिक्षण | निशुल्क | |
| १७ | गर्भवति महिलाई सम्पूर्ण परिक्षण | निःशुल्क | |

आर्थिक ऐन-२०८२